# उच्च अदालत तुलसीपुर,नेपालगञ्ज इजलास

**संयुक्त इजलास**

माननीय न्यायाधीश श्री पवनकुमार शर्मा न्यौपाने

माननीय न्यायाधीश श्री विमल सुवेदी

**आदेश**

दायरी नम्बरः- ०७६-WO-०१२३

रजिष्ट्रेशन नम्बरः-१३-०७६-०१२६१

**मुद्दाः- परमादेश ।**

अधिवक्ता श्री राम कुमार दिक्षित समेत------------------------------।निवेदक

**बिरुद्ध**

जिल्ला प्रशासन कार्यालय, बाँके समेत------------------------------। विपक्षी

यसमा यस अदालतबाट मिति २०७७।२।८ मा जारी भएको अन्तरिम आदेशको सम्वन्धमा छलफलका लागि निवेदकद्वय अधिवक्ता श्री विजयकुमार शर्मा र रामकुमार दिक्षित तथा निवेदकहरुका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री भोलासिंह हमाल एंव विद्वान अधिवक्ताहरु श्री सुनिलकुमार श्रेष्ठ, श्री विश्वजित तिवारी, श्री विकाश आचार्य, श्री केशवराज पन्त, श्री मधुर पाठक, श्री वसन्त गौतम, श्री चित्रबहादुर शाही, श्री पूर्णप्रसाद ढकाल, डा. श्री कौशल कुमार बर्मा तथा विपक्षी नरैनापुर गाँउपालिकाको कार्यालय र ऐ. का अध्यक्ष मो. इस्तियाक अहमद शाहको तर्फबाट उपस्थित विद्वान अधिवक्ता द्वय श्री लोकबहादुर शाह र श्री बलबहादुर चन्द, विपक्षी नेपाली सेना ४ नं. बाहिनी अड्डा ईमामनगर व्यारेक, नेपालगंजका तर्फबाट ऐ.का प्राड सह सेनानी श्री शिव सरण गिरी (अधिवक्ता प्र.प.नं.१४९१०) ले गर्नु भएको बहस समेत सुनियो ।

यसमा विषयको गाम्भीर्यता कोभीड-१९ महामारीको प्रकोप बढ्दै झन्-झन् बिकराल बन्दै गएको अवस्था समेतका आधारमा सुविधा र सन्तुलनको दृष्टिकोणले यस अदालतबाट मिति २०७७।२।८ मा जारी भएको अन्तरिम आदेशलाई परिवर्तन गर्नु पर्ने अवस्थाको विद्यमानता नदेखिंदा निरन्तरता प्रदान गरिदिएको छ ।

साथै यस अदालतको पूर्व आदेशानुसार जिम्मेवार निकायबाट सम्वन्धित नरैनापुर गाँउपालिकामा रहेका संक्रमित र क्वारेन्टाइनका सम्वन्धमा गरिएको व्यवस्थापनका सम्वन्धमा माग गरिएको विवरण हेर्दा, मिति २०७७।२।११ मा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा बसेको जिल्ला सुरक्षा समितिको बैठकको निर्णय अनुसार कोभिड-१९ को संक्रमण समुदाय स्तर सम्म फैलन सक्ने भयाभय स्थितिको आकलन गरी तत्काल चिकित्सा टोली र थप सुरक्षाकर्मि परिचालन गरी स्थितिलाई नियन्त्रणमा लिन सो गाँउपालिकालाई उच्च जोखिम क्षेत्र (Red Zone) घोषण गरी सो को प्रभावकारी कार्यान्वयनका लागि उक्त निषेधित क्षेत्रमा भैरव प्रसाद गण लाई परिचालन गर्ने निर्णय भएको भन्ने जिल्ला प्रशासन कार्यालयको ऐ. मितिको पत्र र निर्णयबाट देखियो । त्यसै गरी Covid 19 Mangement Center का विभिन्न मितिका बैंठकका निर्णयबाट यो महामारीको संक्रमणलाई नियन्त्रण गर्ने प्रयास गरेको भन्ने देखिएता पनि नरैनापुर गाँउपालिकाबाट यस अदालतमा इजलास समक्ष पेश भएका गाँउपालिकाको निर्णय र जिल्ला प्रशासन कार्यालय बाँकेलाई लेखेको पत्रमा उल्लेखित व्यहोरा र स्वयं गाँउ पालिका अध्यक्षबाट इजलासमा व्यक्त भएको धारणलाई विचार गर्दा सम्वन्धित सरोकारवाला नियकायहरुबाट यो संक्रमण रोकथामका लागि समयमा नै तत्काल समयोचित व्यवस्थापन हुन सकेको देखिएन । यस अवस्थामा यो महामारीले झन भयावह स्थितिको रुप लिन सक्ने तर्फ सबै सम्वन्धित सरोकारवालाले ध्यान पुऱ्याउनु पर्ने नै देखिन्छ । जिल्ला प्रशासन कार्यालय बाँकेबाट इजलास समक्ष पेश भएको २०७७।२।१४ को पत्रमा क्वारेन्टाइन संचालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड २०७६ अनुसारका कुनै पनि समिति गठन नभएको भन्ने र सोही पत्रको बुदाँ नं. ६ मा उल्लेखित व्यहोरा हेर्दा यस महामारी सँग जुध्न तयार हुनुपर्ने निकाय र सम्वन्धित व्यक्तिहरु स्वस्फुर्त रुपमा आफै सम्वन्धित क्षेत्रमा कार्यरत रहेको भन्ने देखिन्छ भने उनिहरुको कामकारवाहीको अनुगमन, निरिक्षण, सुपरिवेक्षण कोही कतैबाट भए गरेको भन्ने देखिएन । परिणामत ग्रामिण परिवेश र विकट भौगोलिक अवस्थामा रहेका नरैनापुरको जनजिवन कष्टकर हुन गई यस महामारीको संक्रमण फैलन गएको भन्ने देखियो । यस रोगको नियन्त्रणका लागि समय सिमा अत्यन्त महत्वपूर्ण रहेको हुँदा तत्काल समय सिमा भित्र निम्न कार्यहरु हुन नसकेमा झन् भयाभयपूर्ण स्थितिको सिर्जना हुन सक्नेलाई मध्यनजर राखी नेपालको संविधानको धारा १४४ अन्तर्गत प्रत्यर्थीहरुका नाममा निम्न बमोजिमको थप आदेश जारि गरि दिएको छ ।

(१) नेपाल सरकारबाट गठित नेपाल कोरोना रोग रोकथाम तथा नियन्त्रण उच्चस्तरिय समन्वय समिति संग समन्वय गरी सरकार द्वारा घोषित निति र मापदण्ड अनुसार महामारी द्वारा श्रृजित संक्रमित क्षेत्रको समग्र व्यवस्थापन गर्नु ।

(२) क्वारेन्टाइनको व्यवस्थापनका लागी WHO को मापदण्ड र COVID-19 सम्वन्धि क्वारेन्टाइन संचालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड २०७६ बमोजिमको न्यूनतम सुविधा सम्वन्धितहरुलाई उपलव्ध गराउनु ।

(३) COVID-19 सम्वन्धि क्वारेन्टाइन संचालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड २०७६ ले COVID-19 को संक्रमणको रोकथाम र व्यवस्थापनमा रहेका निकायहरुको कामकारवाहीको अनुगमन, निरिक्षण गरी व्यवस्थापनलाई जिम्मेवारी पूर्ण बनाई व्यस्थित गर्न व्यवस्था गरेको विभिन्न समितिहरु नै हालसम्म गठन नहुनु लज्जास्पद अवस्था देखिएको हुँदा ति समितिहरुको यथासक्य चाडो गठन गरी मापदण्ड बमोजिम तोकिएका जनशक्तिलाई जिम्मेवार बनाउनु पर्ने प्रमुख दायित्व विपद व्यवस्थापनमा समन्वयकारी भूमिका निर्वाह प्रमुख कर्तव्य र दायित्व जिल्ला प्रशासन कार्यालय बाँकेको भएको हुँदा सो कार्य गरी मापदण्ड अनुसारको जिम्मेवारी प्रदान गर्नु ।

(४) महामारीले के कस्तो अवस्थाको रुप लिन्छ भन्ने यकिन नभएको हुँदा उल्लेखित आदेशहरु कार्यान्वयन भए गरेका सम्वन्धमा लिखित जवाफ पेश गर्दा स्पष्ट खुलाई उच्च सरकारी वकील कार्यालय मार्फत छुट्टै जानकारी समेत जिल्ला प्रशासन कार्यालय बाँकेबाट लिनु ।

न्यायाधीश

न्यायाधीश

इति सम्वत् २०७७ साल जेठ महिना १४ गते रोज ४ शुभम्-----------------।